# बेलौरी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## पशु सेवा शाखा
## बेलौरी, कञ्चनपुर ।


प.स. २०८२/०८३
च.न.

## प्रस्ताव आव्हान सम्वन्धी सूचना
### प्रथम पटक प्रकाशन मिति २०८२/१२/०५ गते बिहीबार

यस कार्यालयको आ.व.२०८२/०८३ को स्वीकृत वार्षिक कार्यकम अनुसार 'प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण भएको सशर्त वित्तीय पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ बमोजिम तपसिलको कार्यक्रममा साझेदारी गर्न इच्छुक पशुपालन फर्म, समूह/समिति,सहकारी तथा कम्पनिहरुले आवश्यक कागजात पत्र सहित यो सूचना प्रकाशित भएको मितिले २१औं दिनको कार्यालय समय भित्र यस कार्यालयमा प्रस्ताव दर्ता गर्नहुन आव्हान गरीन्छ। साथै रित नपुगी वा म्याद नाघि प्राप्त प्रस्तावहरु छनौटमा समावेश नगरीने व्यहोरा समेत जानकारी गराईन्छ। साथै प्रस्ताव पेश निवेदन, संक्षिप्त कार्ययोजनाको ढाँचा तथा कार्यक्रम सञ्चालन कार्यविधि यस कार्यालयको वेवसाइट बाट डाउनलोड गर्न वा कार्यालयवाट प्राप्त गर्न सकिनेछ । थप जानकारीका लागि बेलौरी नगरपालिका पशु सेवा शाखामा तथा ०९९-५८००१६ मा सम्पर्क गर्नुहुन समेत अनुरोध गरीन्छ।

कुलोमणि भट्ट
पशु विकास अधिकृत (सातौं)

प्रमुख प्रशासकीय अधिकृत
ओम प्रसाद उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

**तपसिलः**

| क.सं. | कार्यक्रमको नाम | सङ्ख्या | अनुदान रकम रु.(हजारमा) | कार्यक्रम लागू हुने क्षेत्र | लक्षित वर्ग/समुदाय |
|---|---|---|---|---|---|
| १. | हे/साइलेज प्रवर्द्धन कार्यक्रम (५० % अनुदान) | १ | ५०० | वेलौरी नगरपालिका भित्रका | सहकारी संघ सस्थाहरु |

**आवश्यक कागजातहरुः**

(क) निवेदकको नेपाली नागरीकताको प्रमाणित प्रतिलिपि,
(ख) आवेदक सम्बन्धित सरकारी निकायमा दर्ता/नवीकरण भएको कागजातको प्रमाणित प्रतिलिपि,
(ग) कार्ययोजना अनुरुपको योग्यता, तालिम र अनुभव जनाउने कागजात,
(घ) सहकारी संस्थाको हकमा सम्बन्धित व्यवसाय संचालन गर्ने उद्देश्य खुल्ने कागजातको प्रतिलिपि,
(ङ) सङ्घ संस्थाको हकमा स्थायी लेखा नम्बर र करचुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि,
(च) निर्माण कार्यको हकमा लागत इस्टिमेट र मेशिनरीहरुको हकमा स्पेसिफिकेशनको प्रतिलिपि,
(छ) लाभग्राहीको कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी निर्णयको प्रतिलिपि,
(ज) लाभग्राहीको कार्य समितिका पदाधिकारीहरुको नामावली,
(झ) यसै प्रकृतिको कार्यका लागि विगत दुई (२) वर्ष देखि अनुदान नलिएको स्व-घोषणा पत्र,
(ञ) कार्यक्रम सञ्जालन गर्ने प्रदेश र स्थानीय तहको आवश्यकता अनुसार अन्य कागजातहरु,

**प्रस्ताव मूल्याङ्कन तपसिल बमोजिम गरिने छ।**

१. आवश्यक कागजातहरुको संलग्नता
२. लक्षित वर्ग, क्षेत्र र मापदण्डको अनुरुप आवेदकको उपयुक्तता
३. प्रस्तावित कार्ययोजना अनुरुपको सामाजिक, भौगोलिक र वातावरणीय उपयुक्तता
४.कार्ययोजनामा प्रस्तावित क्रियाकलापहरुको सान्दर्भिकता र कार्यक्रमसँगको तालमेल
५. कार्ययोजनामा लागत साझेदारीको आँकलन


सम्पर्क न. ०९९-५८००१६ ईमेल; pasusewa16@gmail.com

कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय,सिंहदरबार,काठमाडौं
प्रत्यायोजित विधायनको प्रकृति : कार्यविधी
दर्ता नं: २३।८३
मिति: २०८२।०७।०२

मा. मन्त्रीस्तरबाट मिति २०८२/०६/२६ मा स्वीकृत

# प्रदेश तथा स्थानीय तहमा सर्शत वित्तीय हस्तान्तरण भएका पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२

प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका पशुपन्छी तथा मत्स्य विकास कार्यक्रमको कार्यान्वयनलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी र प्रतिफलमुखी बनाउन आर्थिक कार्यविधि तथा वित्तीय उत्तदायित्व ऐन २०७६ को दफा ६५ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी कृषि तथा पशुपन्छी विकास मन्त्रालयले यो कार्यविधि बनाई लागू गरेको छ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "**प्रदेश तथा स्थानीय तहमा सर्शत वित्तीय हस्तान्तरण भएका पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२**" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) **"कार्यक्रम"** भन्नाले प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका अनुसूची-१ र अनुसूची-२ बमोजिमका पशुपन्छी तथा मत्स्य विकाससँग सम्बन्धित कार्यक्रमहरु सम्झनु पर्छ।

(ख) **"कार्यविधि"** भन्नाले प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्यवन कार्यविधि, २०८२ सम्झनु पर्छ।

(ग) **"कार्यालय"** भन्नाले प्रदेश मन्त्रालय अन्तर्गतको जिल्लास्थित कार्यालय वा स्थानीय तह अन्तर्गतको पशु विकास महाशाखा, शाखा वा दुवै सम्झनु पर्छ।

(घ) **"निर्देशनालय"** भन्नाले प्रदेश मन्त्रालय मातहतको पशुपन्छी तथा मत्स्य विकास विषय क्षेत्र हेर्ने निर्देशनालय सम्झनु पर्छ।

(ङ) **"मन्त्रालय"** भन्नाले नेपाल सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्छ।

(च) **"पशुपन्छीजन्य उत्पादन"** भन्नाले पशुपन्छीबाट उत्पादन हुने दूध, अण्डा, माछा, मासु, ऊन, पश्मिना सम्झनु पर्छ र सो शब्दले पशुपन्छी तथा माछाबाट उत्पादन हुने अन्य वस्तु समेतलाई जनाउँछ।

(छ) **"प्रदेश मन्त्रालय"** भन्नाले प्रदेश सरकारको पशुपन्छी तथा मत्स्य विकास विषयक्षेत्र हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ज) **"लाभग्राही"** भन्नाले यस कार्यविधि बमोजिमको कार्यक्रम सञ्चालनका लागि छनौट भएका कृषि, पशुपालन तथा मत्स्यपालन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम दर्ता भएका निजी फर्म, उद्यमी, समूह, सहकारी तथा कम्पनी सम्झनु पर्छ।

(झ) **"विभाग"** भन्नाले नेपाल सरकारको पशु सेवा विभाग सम्झनु पर्छ।

(ञ) **"स्थानीय तह"** भन्नाले प्रचलित कानून बमोजिमको गाउँपालिका वा नगरपालिका वा उपमहानगरपालिका वा महानगरपालिका सम्झनु पर्छ।

(ट) **"समिति"** भन्नाले यस दफा १२ बमोजिमको कार्यक्रम कार्यान्वयन सहजीकरण समिति सम्झनु पर्छ।



सचिव
कृषि तथा पशुपन्छी विकास मन्त्री

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## परिच्छेद-२

## कार्यक्रमको व्यवस्थापकीय पक्ष र सञ्चालन विधि एवम् प्रक्रिया

३. **कार्यक्रमको कार्यक्षेत्र र बजेट:** (१) यस कार्यविधिको अधिनमा रही प्रदेश मन्त्रालय वा कार्यालयबाट अनुसूची-१ बमोजिमका र स्थानीय तहबाट अनुसूची-२ बमोजिमका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

(२) प्रदेश मन्त्रालयमा सशर्त वित्तीय हस्तान्तरण भएका कार्यक्रम सम्बन्धित प्रदेशको प्रचलित कानूनबमोजिम कार्यान्वयन गर्न सकिनेछ।

(३) कार्यक्रम सञ्चालनका लागि कार्यक्रमको प्रकृति, सम्भावना र आवश्यकताको आधारमा सम्बन्धित कार्यालयले उपयुक्त क्षेत्र वा स्थान पहिचान गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिमका कार्यक्रम सञ्चालन गर्न क्षेत्र पहिचान भएमा सोही बमोजिमको स्थानमा र क्षेत्र पहिचान नभएको अवस्थामा कार्यक्रमको प्रकृति, स्थानीय आवश्यकता र सम्भावनाका आधारमा अन्य क्षेत्रमा समेत कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

(५) उपदफा (१) बमोजिमका कार्यक्रम सञ्चालन गर्न सम्बन्धित कार्यालयको स्वीकृत वार्षिक कार्यक्रममा बजेट विनियोजन भएको हुनु पर्नेछ र यसरी स्वीकृत वार्षिक बजेटको अधिनमा रही कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

४. **प्रस्ताव आव्हान:** (१) सम्बन्धित कार्यालयले अनुसूची-३ बमोजिमको ढाँचामा एक्काइस (२१) दिनको समयसीमा तोकी सार्वजनिक सूचना मार्फत प्रस्ताव आव्हान गर्नु पर्नेछ। सूचनामा अनुसूची-४ बमोजिमको लाभग्राही छनौट सम्बन्धी मापदण्डको बारेमा समेत सुसूचित गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रस्ताव मागको सूचना सम्बन्धित कार्यालय र वडा कार्यालयको सूचना पाटीमा टाँस गर्ने, वेवसाईटमा राख्ने र आवश्यकता अनुसार एफ.एम. रेडियो वा स्थानीय पत्रिकामा समेत सार्वजनिक गर्न सकिनेछ।

५. **आवेदन पेश गर्ने तथा लाभग्राही सूचीकरण:** (१) दफा ४ बमोजिमको सूचनाको अधिनमा रही लाभग्राहीले अनुसूची-५ बमोजिमका ढाँचामा तोकिएका कागजात समेत संलग्न गरी निवेदन र अनुसूची-६ बमोजिमको ढाँचामा संक्षिप्त कार्ययोजना सहित आवेदन पेश गर्नुपर्नेछ।

(२) सम्बन्धित कार्यालयले रितपूर्वक प्राप्त आवेदनका आधारमा ईच्छुक लाभग्राहीको सूची तयार गर्नुपर्नेछ।

६. **लाभग्राही छनौट:** (१) रितपूर्वक प्राप्त प्रस्तावको मूल्याङ्कन तथा छनौटका लागि दफा १२ को उपदफा (१) बमोजिमको समितिले अनुसूची-४ बमोजिमका मूल्याङ्कन तथा छनौटका आधारमा मूल्याङ्कन तथा छनौट सम्बन्धी कार्य गर्नु पर्नेछ। कार्यक्रमको मूल उद्देश्यमा परिवर्तन नहुने गरी समितिले प्रस्ताव आह्वान गर्नु पूर्व नै मूल्याङ्कनका थप आधारहरु निर्धारण गर्न सक्नेछ।

(२) समितिले प्रस्ताव छनौट गर्नु पूर्व आवश्यकता अनुसार स्थलगत अनुगमन गर्न सक्नेछ।

(३) विगतमा अनुदान प्राप्त नगरेका लाभग्राहीलाई प्राथमिकता दिनु पर्नेछ।

सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

७. **सम्झौता गर्नुपर्ने:** (१) छनौट भएका प्रस्तावको कार्यान्वयनका लागि सम्बन्धित आवेदकसँग कार्यालयले अनुसूची-७ बमोजिमको ढाँचामा द्विपक्षीय सम्झौता गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सम्झौता अनुसार कार्य सम्पादन गर्नु लाभग्राहीको दायित्व हुनेछ।

८. **अनुदानको सीमा तथा खर्च:** (१) यस कार्यविधि बमोजिमका क्रियाकलाप सञ्चालन गर्दा लागत अनुमानको आधारमा देहाय बमोजिम अनुदान सीमाभित्र रही सञ्चालन गर्नुपर्नेछ।

(क) पूर्वाधार निर्माण तथा औजार उपकरण खरिदमा लागत अनुमानको बढीमा ५० प्रतिशतसम्म अनुदान।

(ख) व्यवसाय प्रवर्द्धन कार्यक्रम अन्तर्गत उत्पादन सामग्री (पशु नस्ल, माछा भूरा, विरुवा, वेर्ना, बीउ लगायत) खरिदमा बढीमा पचास (५०) प्रतिशतसम्म अनुदान।

(ग) प्राविधिक सेवा प्रवाह (प्रयोगशाला सामग्री वा सेवा, ईपिडिमियोलोजिकल रिपोर्टिङ्ग, रोग नियन्त्रण, खोप कार्यक्रम, प्रविधि विस्तार, तालिम, गोष्ठी, तथ्याङ्क सङ्कलन लगायत) मा शत प्रतिशतसम्म अनुदान।

(२) कार्यक्रम सञ्चालन गर्दा अन्य खर्च सम्बन्धी विषय प्रचलित कानून र खर्च सम्बन्धी स्वीकृत मापदण्डको अधिनमा रही गर्नु पर्नेछ।

९. **अनुदान भुक्तानी:** (१) दफा ७ बमोजिम सम्झौता गरी कार्यक्रम सञ्चालन गरेका लाभग्राहीले भुक्तानीका लागि तोकिएको समयभित्र कार्यलायसमक्ष निवेदन पेश गर्नु पर्नेछ। सम्बन्धित कार्यालयले प्राप्त निवेदनको चेकजाँच तथा स्थलगत अनुगमन गरी प्राप्त कार्य सम्पन्न प्रतिवेदनका आधारमा प्रचलित कानून अनुसार अनुदान रकम लाभग्राहीको बैङ्क खातामा भुक्तानी गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुदान प्राप्त गर्ने लाभग्राहीको नामावली सम्बन्धित कार्यालयले सार्वजनिक गर्नु पर्नेछ र सोको विवरण विभागको योजना तथा अनुगमन शाखामा समेत उपलब्ध गराउनु पर्नेछ।

१०. **तालिम, भ्रमण, गोष्ठी र अनुगमन:** (१) लाभग्राहीलाई प्राविधिक ज्ञान र सीप प्रदान गर्न कार्यालयले तोकिएको कार्यक्रमसँग सम्बन्धित तालिम, भ्रमण, गोष्ठी, अनुगमन तथा मूल्याङ्कन लगायतका प्राविधिक तथा प्रशासनिक क्रियाकलाप सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमका क्रियाकलाप सञ्चालन गर्दा तोकिएको कार्यक्रममा विनियोजित कूल बजेटको बढीमा पाँच (५) प्रतिशत सम्म खर्च गर्नुपर्नेछ।

११. **औषधि तथा खोप खरिद सम्बन्धी क्रियाकलाप:** (१) अनुसूची-२ को क्र.सं. ४.१ र ४.२ बाहेकको कार्यक्रमहरुका लागि औषधि तथा खोप खरिद क्रियाकलाप सञ्चालन गर्न आवश्यक भएमा विनियोजित बजेटको बढीमा बीस (२०) प्रतिशत सम्म खर्च गर्नु सक्नेछ।

१२. **कार्यक्रम कार्यान्वय सहजीकरण समिति:** (१) यस कार्यविधि बमोजिमको कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्न स्थानीय तहको हकमा प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारीको संयोजकत्वमा तीन (३) सदस्यीय कार्यक्रम कार्यान्वयन सहजीकरण समिति गठन गर्न सकिनेछ। सो



सचिव
कृषि तथा पशुपन्छी विकास मन्त्री

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

समितिको सदस्य-सचिवको कार्य सम्बन्धित स्थानीय तहको पशु सेवा महाशाखा वा शाखा प्रमुखले गर्नु पर्नेछ।

(२) स्थानीय तहमा उपदफा (१) बमोजिमको समान प्रकृतिको समिति वा उपसमिति भएमा सोही समिति वा उपसमितिले उक्त कार्य गर्न सक्नेछ।

(३) समितिको बैठक आवश्यकता अनुसार संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(४) यस कार्यविधिको अधिनमा रही समितिको कार्यविवरण देहाय अनुसारको हुनेछः

(क) तोकिएको कार्यक्रम सञ्चालनका लागि बैठक आयोजना, उपयुक्त कार्यक्षेत्र र क्रियाकलाप पहिचान, बजेट विस्तृतिकरण, सूचना प्रकाशन, आवेदन सङ्कलन र लाभग्राही सूचि तयारी सम्बन्धी पूर्वतयारीका कार्य गर्ने,

(ख) प्रस्ताव आह्वान पूर्व नै मुल्याङ्कन तथा छनौटका आधारहरु निर्धारण गर्ने,

(ग) रितपूर्वक प्राप्त प्रस्तावको मूल्याङ्कन गरी लाभग्राही छनोट एवं सिफारिस गर्ने,

(घ) छनौट भएका लाभग्राहीलाई उपलब्ध गराईने अनुदान रकम यकिन गरी सम्झौता सम्बन्धी पूर्व तयारीका कार्य गर्ने,

(ङ) सञ्चालित कार्यक्रमको अनुगमन, मूल्याङ्कन, प्रमाणीकरण तथा भुक्तानी सिफारिस गर्ने,

(च) कार्यक्रम सञ्चालन क्रममा आइपरेका समस्याको समाधान गर्ने,

(छ) कार्यक्रम कार्यान्वयनका लागि विभाग तथा मन्त्रालयसँग आवश्यक समन्वय र सहकार्य गर्ने।

(५) प्राप्त आवेदनको प्रारम्भिक मूल्याङ्कन, स्थलगत निरीक्षण, छनौट, प्रमाणीकरण, अनुगमन तथा भुक्तानी सिफारिस लगायतको कार्यमा सहयोग गर्न आवश्यक भएमा समितिले कार्यदल बनाउन सक्नेछ।

(६) प्रदेश तहमा सशर्त वित्तीय हस्तान्तरण भएको कार्यक्रम कार्यान्वयनमा सहजीकरणका लागि प्रदेश मन्त्रालयको हकमा प्रदेश सचिव वा निजले तोकेको पदाधिकारी, निर्देशनालयको हकमा निदेशनालय प्रमुख र जिल्लास्थित कार्यालयको हकमा कार्यालय प्रमुखको संयोजकत्वमा तीन (३) सदस्यीय कार्यक्रम कार्यान्वयन सहजीकरण समिति गठन गर्न सकिनेछ। उक्त समितिले उपदफा (४) बमोजिमको कार्यविवरण अनुसारको कार्य गर्नुपर्नेछ।

## परिच्छेद-३

## विविध

**१३. प्रतिवेदन पेश गर्नुपर्ने** (१) कार्यक्रमको प्रगति प्रतिवेदन सम्बन्धित कार्यालयले अनुसूची-८ बमोजिम अर्धवार्षिक र वार्षिक रुपमा विभागको योजना तथा अनुगमन शाखामा तोकिए बमोजिम उपलब्ध गराउनु पर्नेछ।

(२) विभागले आवश्यकता अनुसार थप विवरणहरु माग गर्न सक्नेछ र सो विवरणहरु उपलब्ध गराउने दायित्व सम्बन्धित कार्यालयको हुनेछ।

**१४. बीमा गर्नुपर्नेः** यस कार्यविधि अनुसार अनुदान प्राप्त गर्ने लाभग्राहीले पशुपन्छी तथा मत्स्य बीमा गर्नु पर्नेछ।



सचिव
कृषि तथा पशुपन्छी विकास मन्त्री

१५. **अनुदानको दुरुपयोग गर्न नहुनेः** यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने लाभग्राहीले प्राप्त अनुदानको दुरुपयोग गरेको वा असम्बन्धित क्षेत्रमा खर्च गरेको पाईएमा नेपाल सरकारको प्रचलित कानून बमोजिम हुनेछ।

१६. **दोहोरो सुविधा लिन नपाउनेः** लाभग्राहीले तोकिएको कार्य गर्नका लागि एक भन्दा बढी निकाय वा तहबाट अनुदान प्राप्त गर्नु हुँदैन। तर अन्य साझेदारसँगको सम्झौता र लागत अनुमानमा साझेदारीको हिस्सा स्पष्ट उल्लेख भएको अवस्थामा दोहोरो नहुने गरी क्षमता विस्तारका लागि अनुदान प्रदान गर्न बाधा पर्ने छैन।

१७. **अनुगमन र मूल्याङ्कनः** (१) संघीय, प्रादेशिक तथा स्थानीय तहका सम्बन्धित निकायबाट संयुक्त वा छुट्टाछुट्टै रुपमा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्न सकिनेछ। अनुगमन तथा मूल्याङ्कन गर्दा आवश्यकता अनुसार सम्बन्धित सरोकारवालालाई समेत सहभागी गराउन सकिनेछ।

(२) अनुगमनको क्रममा दिइएका निर्देशनको पालना गर्नु सम्बन्धित कार्यालय र लाभग्राहीको कर्तव्य हुनेछ।

(३) विभागले प्रदेश तथा स्थानीय तहसँगको समन्वयमा सञ्चालित कार्यक्रमहरुको वार्षिक समिक्षा गर्नुपर्नेछ।

(४) अनुगमन र मूल्याङ्कनको आधारमा मन्त्रालय तथा विभागले सालबसाली रुपमा कार्यक्रम तर्जुमा, कार्यान्वयन र आवश्यक निर्देशन दिन सक्नेछ।

१८. **अन्यः** (१) स्वीकृत अनुदान रकममा कार्यक्रम सञ्चालन गर्दा कर सम्बन्धी व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ।

(२) यस कार्यविधिमा उल्लेख नभएका तर प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कार्यक्रमका सम्बन्धमा जुन तहमा हस्तान्तरण भएको हो सोही तहले त्यस्ता कार्यक्रम कार्यान्वयनको लागि यसै कार्यविधि बमोजिमको अनुदानको सीमा र प्रचलित कानूनको प्रतिकुल नहुने गरी आवश्यक कार्यविधि स्वीकृत गरी कार्यान्वयन गर्न बाधा पर्ने छैन।

१९. **व्याख्या, संशोधन र बाधा अड्काउ फुकाउः** यस कार्यविधिको कार्यान्यनको सिलसिलामा कुनै दुविधा उत्पन्न भएमा वा कुनै बाधा अड्काउ फुकाउ वा संशोधन गर्नु परेमा मन्त्रालयले आवश्यक निर्णय गरी स्पष्ट गर्न वा बाधा अड्काउ फुकाउ वा संशोधन गर्न सक्नेछ।

सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची-१

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

**प्रदेश मन्त्रालय मार्फत सञ्चालन हुने कार्यक्रम**

| सि.नं. | कार्यक्रम | क्रियाकलाप |
|---|---|---|
| १. | पशुपन्छीका रोग नियन्त्रणका लागि खोप अभियान कार्यक्रम | १. पशुपन्छीमा लाग्ने प्रमुख रोगहरू जस्तैः लम्पी स्किन, खोरेत, पिपिआर, रेबिज, क्लासिकल स्वाईन फिभर, भ्यागुते, चरचरे, रानीखेत आदि रोगहरुको रोकथाम तथा नियन्त्रणका लागि यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ।<br>(क) आवश्यक पारिश्रमिक तथा लजिष्टिक व्यवस्थापन,<br>(ख) खोप सञ्चय तथा ढुवानी व्यवस्थापन,<br>(ग) खोपको प्रभावकारिता परीक्षणका लागि नमूना सङ्कलन तथा सम्प्रेषण,<br>(घ) अभिमूखीकरण, जनचेतनामूलक सामग्री तयारी, प्रकाशन तथा प्रसारण।<br>२. पशुपन्छीमा खोप लगाए वापत खोपकर्ताहरुलाई ठूला चौपायाको हकमा हिमाल र पहाडमा प्रति पशु रु. ३० तथा तराईमा प्रति पशु रु. २५, बङ्गुरको हकमा प्रति पशु रु. १५ र साना चौपायाको हकमा प्रति पशु रु. १० र पन्छीको हकमा प्रति पन्छी रु. १ उपलब्ध गराउन सकिनेछ।<br>३. खोपकर्ताको पारिश्रमिक सम्बन्धमा जुनसुकै कुरा उल्लेख भएको भए तापनि कार्यालयले आफ्नो आर्थिक स्रोतबाट थप पारिश्रमिकको व्यवस्था गर्न वा गत आर्थिक वर्षमा कायम गरीएको दररेट अनुसार पारिश्रमिकको व्यवस्था गरी खोप कार्य सञ्चालन गर्न कुनै बाधा पर्ने छैन।<br>४. खोप कार्य सञ्चालन हुने अवधिभरको लागि खोप कार्यमा हुनसक्ने जोखिम रक्षावरण गर्न खोपकर्ताको रुपमा काम गर्ने प्राविधिकहरुको स्वास्थ्य तथा जीवन बीमा खोपकर्ता नियुक्त गर्ने कार्यालयले गर्न सक्नेछ।<br>५. खोप अभियान सम्पन्न भए पश्चात अनुसूची-९ बमोजिमको ढाँचामा विवरण तयार गरी तोकिए बमोजिम पशु सेवा विभागको पशुपन्छी रोग अन्वेषण तथा नियन्त्रण महाशाखामा अनिवार्य रुपमा सम्प्रेषण गर्नुपर्नेछ। |
| २. | खोरेत रोग नियन्त्रणको लागि जोनिङ तथा कम्पार्टमेन्टलाइजेसन कार्यक्रम | खोरेत रोग नियन्त्रण क्षेत्र निर्धारण भइसकेका प्रदेशहरुले खोरेत रोग मुक्त क्षेत्र कायम गर्नका लागि सम्पूर्ण कार्यहरु सम्पन्न गरे पश्चात विश्व पशु स्वास्थ्य सङ्गठन (WOAH) को मान्यता प्राप्त गर्न यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सक्नेछ।<br>(क) WOAH को मान्यता प्राप्त गर्न आवेदन साथ संलग्न गर्नु पर्ने दस्तावेज अनिवार्य तयार गर्ने।<br>(ख) WOAH को मान्यता प्राप्त गर्न संकलित दस्तावेजहरुको प्रशोधन, विश्लेषण तथा प्रतिवेदन तयार गरी पशु सेवा विभागमा अनिवार्य प्रेषण गर्ने। |



सचिव
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

| सि.नं. | कार्यक्रम | क्रियाकलाप |
|---|---|---|
| | | (ग) खोरेत मुक्त क्षेत्रको मान्यता प्राप्त गर्न WOAH मा निवेदन साथ पेश गर्नुपर्ने दस्तावेज तयारी गर्ने कार्यका लागि भेटेरिनरी डाक्टरको सेवा लिन सकिनेछ ।<br>(घ) खोरेत रोगसँग सम्बन्धित प्रतिवेदन अनिवार्य तयारी गर्ने।<br>(ङ) खोरेत रोग रोकथाम तथा नियन्त्रण सम्बन्धी अभिमूखीकरण, जनचेतनामूलक सामग्री तयारी, प्रकाशन तथा प्रसारण।<br>(च) National Animal Health Information System (NAHIS) मार्फत इपिडेमियोलोजिकल सूचना सङ्कलन तथा प्रविष्टि, भेरीफिकेसन तथा प्रमाणीकरण गर्ने ।<br>(छ) खोप लगाउनु पुर्व र खोप लगाए पश्चात सेरोमोनिटरिङ्गका लागि नमूना सङ्कलन तथा प्रेषण। |
| ३. | महामारी तथा आकस्मिक रोग नियन्त्रण कार्यक्रम | पशुपन्छीका रोग, स्वास्थ्य स्थिति वा आकस्मिक रुपमा देखापर्न सक्ने "पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६" को नियम (२०) को उपनियम (२) बमोजिम सूचिकृत रोगहरुको रोकथाम तथा नियन्त्रणका लागि यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ।<br>(क) पशुपन्छीको रोग अन्वेषण तथा प्रतिवेदन तयार गर्ने।<br>(ख) नमूना सङ्कलन तथा सम्प्रेषण गर्ने।<br>(ग) पशुपन्छीको रोग रोकथाम तथा नियन्त्रणका लागि अत्यावश्यक औषधि तथा निसंक्रमणका लागि आवश्यक रसायन लगायतका सामग्री खरिद गर्ने।<br>(घ) National Animal Health Information System (NAHIS) मार्फत इपिडेमियोलोजिकल सूचना सङ्कलन तथा प्रविष्टि, भेरीफिकेसन तथा प्रमाणीकरण गर्ने । |
| ४. | भेटेरिनरी निरीक्षण कार्यक्रम | यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ।<br>(क) "पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६" को नियम १९ मा व्यवस्था भए बमोजिमको भेटेरिनरी निरीक्षकको काम, कर्तव्य र अधिकार अनुसार कार्य गर्ने।<br>(ख) नियमित रुपमा सोको जानकारी विभागमा गर्नुपर्नेछ। |
| ५. | पशुपन्छी तथा मत्स्य तथ्यांकको प्रमाणीकरण तथा प्रेषण | १. पशुपन्छी तथा मत्स्य तथ्यांक प्रमाणीकरण तथा प्रेषण कार्य गर्दा देहाय बमोजिमका प्रकृया सञ्चालन गर्नुपर्नेछः<br>(क) प्रदेश स्तरमा तथ्याङ्क त्रिकोणीयकरण तथा प्रमाणीकरण कार्यक्रम सञ्चालन,<br>(ख) जिल्ला स्थित सहभागी आवत जावत तथा दैनिक भ्रमण खर्च,<br>(ग) आवश्यक स्टेशनरी खरिद, खाजा खर्च आदि। |



सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

| सि.नं. | कार्यक्रम | क्रियाकलाप |
|---|---|---|
| | | २. पशुपन्छी तथा मत्स्य तथ्यांक प्रमाणीकरण तथा प्रेषण कार्य गर्दा देहाय बमोजिमका प्रकृया सञ्चालन गर्नुपर्नेछः<br>(क) जिल्ला स्थित सम्बन्धित पशु सेवा हेर्ने कार्यलयबाट स्थानीय तहबाट तथ्याङ्क सङ्कलन गर्ने,<br>(ख) प्रदेश स्थित पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयबाट जिल्लाहरुमा सङ्कलित तथ्याङ्कलाई कम्पाईल गर्ने,<br>(ग) सङ्कलित तथ्याङ्कलाई प्रमाणीकरण गर्न प्रदेश स्थित पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयबाट त्रिकोणियकरण तथा प्रमाणीकरण गर्ने,<br>(घ) प्रदेश स्थित पशु सेवा कार्यालय र सरोकारवालाको प्रतिनिधित्व गराउने,<br>(ङ) त्रिकोणियकरण तथा प्रमाणीकरण कार्य सहजिकरणका लागि विभागलाई अनुरोध गर्न सकिने,<br>(च) गत आर्थिक वर्षको त्रिकोणियकरण र प्रमाणीकरण भएको तथ्याङ्क अनुसूची-११ अनुसार अनिवार्य रुपमा विभागमा प्रत्येक आर्थिक वर्षको कार्तिक महिना सम्ममा अनिवार्य प्रेषण गर्ने। |

सचिव
कृषि तथा पशुपन्छी विकास मन्त्री

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची -२

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

**स्थानीय तहमा हस्तान्तरण भएको कार्यक्रम**

| क्र.सं. | कार्यक्रम | क्रियाकलाप |
|---|---|---|
| १ | पशु उत्पादन अभिवृद्धि कार्यक्रम | स्थानीय तहमा पशुपन्छी तथा मत्स्यजन्य उत्पादन र उत्पादकत्व अभिवृद्धि गरी आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धन र आत्मनिर्भरता हासिल गर्ने उद्देश्यले यस कार्यक्रम सञ्चालन गरिनेछ। |
| १.१ | कृत्रिम गर्भाधान कार्यक्रम | पशुको नस्ल सुधार गर्नका लागि यस कार्यक्रम अन्तर्गत देहायका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ।<br>(क) कृत्रिम गर्भाधान सेवा सञ्चालनका लागि आवश्यक फ्रोजन सिमेन र तरल नाइट्रोजन खरिद, ढुवानी र वितरण,<br>(ख) कृत्रिम गर्भाधान सेवा सञ्चालन का लागि लजिस्टिक (ग्लोब, सिथ, थईङ्ग किट, एप्रोन, गमबुट र ए.आई.गन) व्यवस्थापन,<br>(ग) कृत्रिम गर्भाधान अभिलेख व्यवस्थापन तथा अनिवार्य प्रेषण। |
| १.२ | उच्चपहाडी क्षेत्रमा पशुपालन प्रवर्द्धनका लागि सामुदायिक भोटे कुकुर व्यवस्थापन कार्यक्रम | घुम्ती गोठको सुरक्षा, पशुको चरिचरनमा सुरक्षा लगायतका कार्यहरु सम्पादन गर्न सहजिकरण गर्ने प्रयोजनको लागि भोटे कुकुरपालनलाई प्रवर्द्धन गर्न यस कार्यक्रम अन्तर्गत देहायका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ।<br>(क) सामुदायिक भोटे कुकुर गणना गरी म्यापिङ गर्ने,<br>(ख) कुकुरको लागि खोर निर्माण तथा सुधार गर्ने,<br>(ग) कुकुरको प्रजनन् व्यवस्थापन, आहारा र स्वास्थ्य व्यवस्थापन गर्ने (Pregnancy kit, Surgical set, Puppy kennel, vaccines, medicines, deworming, supplements, feeding bowl),<br>(घ) भोटे कुकुरको प्रवर्द्धन सम्बन्धी जनचेतनामूलक कार्य गर्ने। |
| १.३ | याक/चौरी प्रवर्द्धन कार्यक्रम | याकको आनुवांशिक स्रोत संरक्षण तथा प्रवर्द्धन गर्न र याकचौरीजन्य पदार्थको उत्पादन अभिवृद्धि गर्न यस कार्यक्रम अन्तर्गत देहायका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ।<br>(क) याक वा चौरी खरिद तथा ढुवानी,<br>(ख) जलवायु मैत्री घुम्ती गोठ निर्माण वा सुधार तथा मलमुत्र व्यवस्थापन,<br>(ग) चरन खर्क वा आहार व्यवस्थापन तथा सुधार,<br>(घ) औषधी उपचार, परजिवी नियन्त्रण तथा खोप कार्य,<br>(ङ) पशुको पहिचान तथा अभिलेखिकरण गर्ने र प्रजननको अभिलेख अनुसूची-१० बमोजिमको ढाँचामा राख्ने,<br>(च) गोठालाको लागि अत्यावश्यक सामग्री व्यवस्थापन (टेन्ट, गमबुट, ग्लोब, टर्च, रेनकोट)। |
| १.४ | च्याङ्ग्रा प्रवर्द्धन | च्याङ्ग्राको आनुवांशिक स्रोत संरक्षण तथा प्रवर्द्धन गर्न र च्याङ्ग्राजन्य पदार्थको |



सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

| क्र.सं. | कार्यक्रम | क्रियाकलाप |
|---|---|---|
| | कार्यक्रम | उत्पादन अभिवृद्धि गर्न यस कार्यक्रम अन्तर्गत देहायका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ।<br>(क) च्याङ्ग्रा खरिद र ढुवानी,<br>(ख) जलवायु मैत्री खोर निर्माण, सुधार तथा मलमुत्र व्यवस्थापन,<br>(ग) घाँसेवाली प्रवर्द्धन तथा चरन खर्क सुधार,<br>(घ) औषधी उपचार, परजिवी नियन्त्रण तथा खोप कार्य,<br>(ङ) पशुको पहिचान तथा अभिलेखिकरण गर्ने र प्रजननको अभिलेख अनुसूची-१० बमोजिमको ढाँचामा राख्ने,<br>(च) जैविक सुरक्षा सम्बन्धी कार्य,<br>(छ) गोठालाको लागि अत्यावश्यक सामग्री व्यवस्थापन (टेन्ट, गमबुट, ग्लोब, टर्च, रेनकोट),<br>(ज) स्थानीय स्तरमा पश्मिना उत्पादन तथा प्रशोधनका लागि आवश्यक सामग्री। |
| १.५ | भेडा प्रवर्द्धन कार्यक्रम | भेडाको आनुवांशिक स्रोत संरक्षण तथा प्रवर्द्धन गर्न र भेडाजन्य पदार्थको उत्पादन अभिवृद्धि गर्न यस कार्यक्रम अन्तर्गत देहायका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ।<br>(क) भेडा/ थुमा खरिद तथा ढुवानी<br>(ख) गोठ निर्माण/ सुधार तथा मलमुत्र व्यवस्थापन<br>(ग) चरन खर्क/आहार व्यवस्थापन<br>(घ) औषधी उपचार, परजिवी नियन्त्रण तथा खोप कार्यमा<br>(ङ) पशु पहिचान तथा अभिलेखिकरण (अनुसूची-१० बमोजिमको ढाँचामा राख्ने)<br>(च) जैविक सुरक्षा सम्बन्धी कार्यहरु<br>(छ) स्थानीय स्तरमा उन उत्पादन तथा प्रशोधनका लागि आवश्यक सामग्री। |
| १.६ | बाख्रा प्रवर्द्धन कार्यक्रम | बाख्राको आनुवांशिक स्रोत संरक्षण तथा प्रवर्द्धन गर्न र बाख्राजन्य पदार्थको उत्पादन अभिवृद्धि गर्न यस कार्यक्रम अन्तर्गत देहायका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ।<br>(क) बाख्रा वा बोका खरिद तथा ढुवानी<br>(ख) गोठ निर्माण वा सुधार तथा मलमुत्र व्यवस्थापन<br>(ग) चरन खर्क वा आहार व्यवस्थापन<br>(घ) औषधी उपचार, परजिवी नियन्त्रण तथा खोप कार्यमा<br>(ङ) पशु पहिचान तथा अभिलेखिकरण (अनुसूची-१० बमोजिमको ढाँचामा राख्ने)<br>(च) जैविक सुरक्षा सम्बन्धी कार्यहरु<br>(छ) स्थानीय स्तरमा मासु उत्पादन तथा प्रशोधनका लागि आवश्यक सामग्री। |



सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

| क्र.सं. | कार्यक्रम | क्रियाकलाप |
|---|---|---|
| १.७ | गाईभैंसी प्रवर्द्धन कार्यक्रम | गाईभैंसीको आनुवांशिक स्रोत संरक्षण तथा प्रवर्द्धन गर्न र गाईभैंसीजन्य पदार्थको उत्पादन अभिवृद्धि गर्न यस कार्यक्रम अन्तर्गत देहायका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ।<br>(क) गोठ निर्माण वा सुधार तथा मलमुत्र व्यवस्थापन<br>(ख) चरन खर्क वा आहार व्यवस्थापन<br>(ग) औषधी उपचार, परजिवी नियन्त्रण तथा खोप कार्यमा<br>(घ) पशु पहिचान तथा अभिलेखिकरण (अनुसूची-१० बमोजिमको ढाँचामा राख्ने)<br>(ङ) जैविक सुरक्षा सम्बन्धी कार्यहरु<br>(च) स्थानीय स्तरमा दूध उत्पादन तथा प्रशोधनका लागि आवश्यक सामग्री। |
| १.८ | बङ्गुर प्रवर्द्धन कार्यक्रम | बङ्गुरको आनुवांशिक स्रोत संरक्षण तथा प्रवर्द्धन गर्न र बङ्गुरजन्य पदार्थको उत्पादन अभिवृद्धि गर्न यस कार्यक्रम अन्तर्गत देहायका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ।<br>(क) खोर निर्माण, सुधार तथा मलमुत्र व्यवस्थान<br>(ख) आहार व्यवस्थापन<br>(ग) औषधी उपचार, परजिवी नियन्त्रण तथा खोप कार्यमा<br>(घ) पशु पहिचान तथा अभिलेखिकरण (अनुसूची-१० बमोजिमको ढाँचामा राख्ने)<br>(ङ) जैविक सुरक्षा सम्बन्धी कार्यहरु |
| १.९ | मासुको लागि पाडा प्रवर्द्धन कार्यक्रम | राँगाभैसीको मासु उत्पादनमा आत्मनिर्भर हासिल गरी आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्न यस कार्यक्रम अन्तर्गत देहायका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ।<br>(क) पाडा खरिद तथा ढुवानी<br>(ख) गोठ निर्माण, सुधार तथा मलमुत्र व्यवस्थान<br>(ग) आहार व्यवस्थापन<br>(घ) औषधी उपचार, परजिवी नियन्त्रण तथा खोप कार्यमा<br>(ङ) पशु पहिचान तथा अभिलेखिकरण (अनुसूची-१० बमोजिमको ढाँचामा राख्ने)<br>(च) जैविक सुरक्षा सम्बन्धी कार्यहरु। |
| १.१० | चरन खर्क सुधार कार्यक्रम/ खर्क सुधार | चरनखर्कहरुको संरक्षण तथा प्रवर्द्धन मार्फत तिनमा आस्रित पशु आनुवाशिंक स्रोतको संरक्षण, सम्बर्द्धन र दिगो उपभोग गर्दै स्थानीय समुदायको जीविकोपार्जन सुधार, जलवायु परिवर्तनले पारेको असर न्यूनिकरण र पर्यापर्यटन प्रवर्द्धन गर्न यस कार्यक्रम अन्तर्गत देहायका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ।<br>(क) स्थानीय चरन खर्कमा भएका स्थानीय तथा उन्नत जातका घाँस प्रवर्दनका लागि बीउ, मलको व्यवस्थापन, |



सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

| क्र.सं. | कार्यक्रम | क्रियाकलाप |
|---|---|---|
| | | (ख) चरन खर्क क्षेत्रमा आवश्यक पानीको मुहान/पोखरी लागायत साना प्रकृतिका संरचन निर्माण वा मर्मत-सुधार,<br>(ग) चरन खर्कमा भएका विषालु घाँस तथा वनस्पतीहरुको नियन्त्रणका लागि आवश्यक कार्यहरु,<br>(घ) खर्कको गुणस्तरमा ह्रास आउन नदिन उत्पादन स्तर एवम् क्षमता अनुसार चरिचरन गर्ने व्यवस्था मिलाउनका लागि आवश्यक व्यवस्थापकीय कार्यहरु,<br>(ङ) चरन खर्कमा पशु चराउने गोठालोको लागि आवश्यक पर्ने सामग्री व्यवस्थापन (टेन्ट, गमबुट, टर्च, खाने पानी, रेनकोट लगायतका आवश्यक सामग्री)। |
| १.११ | हे/साइलेज प्रवर्द्धन कार्यक्रम | घाँसमा आधारित व्यवसायिक पशुपालन प्रवर्द्धन गर्दै पशुजन्य उत्पादन लागत न्यूनीकरण गर्न यस कार्यक्रम अन्तर्गत देहायका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ।<br>(क) हे साईलेज उत्पादनको लागि घाँस खेती,<br>(ख) हे साईलेज उत्पादनका लागि आवश्यक संरचना निर्माण/सुधार, सामग्री तथा मेसिनरी औजार व्यवस्थापन। |
| १.१२ | बाख्रा स्रोत केन्द्र कार्यक्रम | बाख्राको आनुवाशिंक स्रोत संरक्षण तथा प्रवर्द्धन गर्दै उच्च प्रजननमान भएका नस्लहरुको उत्पादन तथा वितरण गर्न यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलाप सञ्चालन गर्न सकिनेछ। यस कार्यक्रममा सहभागी हुन लाभग्राहीसँग न्युनतम् २० वटा प्रजनन्योग्य माउ बाख्रा भएको हुनुपर्नेछ।<br>(क) उच्च प्रजनन् मान भएका बाख्रा खरिद तथा ढुवानी गर्ने,<br>(ख) जलवायुमैत्री खोर निर्माण तथा सुधार,<br>(ग) घाँसेवाली तथा आहार व्यवस्थापन तथा चरन खर्क सुधार,<br>(घ) औषधी उपचार, परजिवी नियन्त्रण तथा खोप कार्य,<br>(ङ) पशुको पहिचान तथा अभिलेखिकरण गर्ने र प्रजननको अभिलेख अनुसूची-१० बमोजिमको ढाँचामा राख्ने। |
| १.१३ | भेडा स्रोत केन्द्र कार्यक्रम | भेडाको आनुवाशिंक स्रोत संरक्षण तथा प्रवर्द्धन गर्दै उच्च प्रजननमान भएका नस्लहरुको उत्पादन तथा वितरण गर्न यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलाप सञ्चालन गर्न सकिनेछ। यस कार्यक्रममा सहभागी हुन लाभग्राहीसँग न्युनतम् २० वटा प्रजनन्योग्य माउ भेडा भएको हुनुपर्नेछ।<br>(क) उच्च प्रजनन् मान भएका थुमा खरिद तथा ढुवानी गर्ने,<br>(ख) जलवायुमैत्री खोर निर्माण तथा सुधार,<br>(ग) घाँसेवाली तथा आहार व्यवस्थापन तथा चरन खर्क सुधार,<br>(घ) औषधी उपचार, परजिवी नियन्त्रण तथा खोप कार्य,<br>(ङ) पशुको पहिचान तथा अभिलेखिकरण गर्ने र प्रजननको अभिलेख अनुसूची-१० |



सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

| क्र.सं. | कार्यक्रम | क्रियाकलाप |
|---|---|---|
| | | बमोजिमको ढाँचामा राख्ने। |
| १.१४ | गाईभैंसी स्रोत केन्द्र कार्यक्रम | गाईभैंसीको आनुवाशिंक स्रोत संरक्षण तथा प्रवर्द्धन गर्दै गर्न यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलाप सञ्चालन गर्न सकिनेछ। यस कार्यक्रममा सहभागी हुन लाभग्राहीले न्युनतम् १० वटा गाई वा भैंसी पालेको हुनुपर्नेछ।<br>(क) उच्च प्रजनन् मान भएका गाई तथा भैसीको खरिद र ढुवानी,<br>(ख) जलवायुमैत्री गोठ निर्माण तथा सुधार कार्य,<br>(ग) घाँसेवाली तथा आहारा व्यवस्थापन,<br>(घ) औषधी उपचार, परजिवी नियन्त्रण तथा खोप कार्य,<br>(ङ) उच्च उत्पादन र उत्पादकत्व भएका पशुको पहिचान तथा अभिलेखिकरण अनुसूची-१० बमोजिमको ढाँचामा राख्ने,<br>(च) जैविक सुरक्षा सम्बन्धी कार्य,<br>(छ) असल पशुपालन अभ्यास क्रियाकलाप। |
| १.१५ | बङ्गुर स्रोत केन्द्र कार्यक्रम | बङ्गुरको आनुवाशिंक स्रोत संरक्षण तथा प्रवर्द्धन गर्दै उच्च प्रजननमान भएका नस्लहरुको उत्पादन तथा वितरण गर्न यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलाप सञ्चालन गर्न सकिनेछ। यस कार्यक्रममा सहभागी हुन लाभग्राहीले न्युनतम् १० वटा प्रजनन्योग्य माउ बङ्गुर पालेको हुनुपर्नेछ।<br>(क) प्रजनन्योग्य भाले बङ्गुरको खरिद तथा ढुवानी,<br>(ख) जलवायु मैत्री खोर निर्माण तथा सुधार कार्य,<br>(ग) आहारा व्यवस्थापन,<br>(घ) औषधी उपचार, परजिवी नियन्त्रण तथा खोप कार्य,<br>(ङ) पशुको पहिचान तथा अभिलेखिकरण गर्ने र प्रजनन्को अभिलेख अनुसूची-१० बमोजिमको ढाँचामा राख्ने,<br>(च) जैविक सुरक्षा सम्बन्धी कार्य,<br>(छ) असल पशुपालन अभ्यास क्रियाकलाप। |
| १.१६ | घाँसेबाली स्रोत केन्द्र सुदृढीकरण कार्यक्रम | घाँसको आनुवाशिंक स्रोत संरक्षण, प्रवर्द्धन तथा उचित सदुपयोग गर्दै पशु आहाराको माग पूर्तिका लागि घाँस उत्पादन र वितरण गर्न यस कार्यक्रम अन्तर्गत देहायका क्रियाकलाप गर्न सकिनेछ। यस कार्यक्रममा सहभागी हुन लाभग्राहीसँग न्युनतम् घाँस रोप्ने प्रयोजनको लागि न्यूनतम २ रोपनी जग्गा भएको हुनुपर्नेछ।<br>(क) घाँसेबाली नर्सरी व्यवस्थापन, प्लट व्यवस्थापन,<br>(ख) घाँसेबाली उत्पादनका लागि आवश्यक संरचना निर्माण/सुधार, तारबार, सिचाई व्यवस्थापन,<br>(ग) घाँसेबाली बीउ उत्पादन तथा प्रमाणीकरण,<br>(घ) घाँसेबाली बीउ प्याकेजिङ्ग सामग्री तथा मेसिनरी औजार व्यवस्थापन, |

सचिव
कृषि तथा पशुपन्छी विकास मन्त्री

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

| क्र.सं. | कार्यक्रम | क्रियाकलाप |
|---|---|---|
| | | (ङ) घाँसेबाली बीउ उत्पादन र बिक्रि अभिलेखिकरण गरी विभागमा पठाउने। |
